# बहुक्षेत्रिय पोषण योजनाको जिल्ला स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न

**रेजा सम्वाददाता**

जनकपुर *पौष, ४ गते ।*

बहुक्षेत्रिय पोषण योजनाको जिल्ला स्तरीय अभिमुखीकरण कार्यक्रम सोमवार जनकपुरमा सम्पन्न भएको छ। जिल्ला विकास समिति धनुषाको सहयोगमा भएको सो कार्यक्रममा संहभागीहरुले पोषणको मामिलामा धनुषा अति नै पछाडि परेकोले यसको अवस्था सुधारतर्फ ध्यान दिनुपर्नेमा जोड दिएका छन। धनुषाका स्थानीय विकास अधिकारी सन्त बहादुर सुनार को अध्यक्षता र धनुषाका प्रमुख जिल्ला अधिकारी दिलिप चपागाईको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा शिक्षा कार्यालय , कृषि विकास कार्यालय , महिला बालबालिका कार्यालय सहितका कार्यालयका प्रतिनीधिहरुको उपस्थिति रहेको थियो ।

# सिद्धार्थले वार्षिकोत्सव मनाउंदै

**रेजा सम्वाददाता**

जनकपुर *पौष, ४ गते ।*

जनकपुरको नीजि शिक्षा क्षेत्रमा ख्याति प्राप्त सिद्धार्थ शिशु सदन बो.स्कुलले भव्यताका साथ आफनो ३५ औं वार्षिकोत्सव मनाउदै छ । विद्यालयले वार्षिकोत्सवको अवसरमा तीन दिवसीय कार्यक्रम गर्दैछ । सो अवसरमा वृद्धाश्रम , बालश्रमलाई सहयोग गरिने जनाईएको छ ।




जिल्ला स्तरिय एक दिने अभिमुखिकरण कार्यक्रममा
बहुक्षेत्रीय पोषण योजना
मितिः-२०७३।०९।०४
स्थानः- जि.वि.स., मिटिंग हल
आयोजक
जि.वि.स., धनुषा
सहयोग
unicef